आज मिति २०७७ साल मंसिर १९ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ९० औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोंखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति

| सि. नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ठाकुर जी तिवारी | प्रमुख प्रशासकीय अधिकृत | |

## नगर-कार्यपालिकाको मिति २०७७/०८/१९ गतेको ९० औ बैठकको निर्णयहरु

निर्णय नं. १ : विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड -१९ को जोखिम यस नगरपालिकामा समुदायस्तरमा बढ्दै गइरहेकाले निकै असहज परिस्थिति सिर्जना भएको छ । जनजीवनका दैनिक गतिविधिलाई यथावत् निरन्तरता दिदा जोखिम झन बढ्दै जाने अवस्थाबाट सुरक्षित हुनका लागि निषेधाज्ञाको विकल्प नदेखिएको र नागरिकहरुको चाहना तथा अनुरोधलाई मध्यनजर गर्दै जिल्ला विपद व्यवस्थापन समितिलाई यस सुन्दरबजार नगरपालिकाको सम्पूर्ण क्षेत्रमा हाललाई एक हप्ताका लागि निषेधाज्ञा जारी गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २: यस नगरपालिकामा सञ्चालित निर्माणका योजनाहरुलाई आबश्यक पर्ने निर्माण सामाग्रीका सन्दर्भमा यसै न. पा. क्षेत्रमा मर्स्याङदी नदी किनारका बालुवा तथा अन्य नदी/खोलाहरुका नदीजन्य पदार्थ सम्वन्धित वडाले नगरस्तरीय दररेटमा मालबाहक ढुवानीका साधनलाई विक्रि वितरण गर्ने, साथै सो सामाग्री मेसिनको प्रयोग गरी उत्खनन गर्नु परेमा जनप्रतिनिधि, निर्माण व्यवसायी र स्थानीय सरोकारवालाको रोहबरमा मात्र गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: यस नगरपालिका वडा नं. १० को कार्यालयमा नगरपालिकाको आन्तरिक श्रोतबाट तलब भत्ता खाने गरी एक जना कार्यालय सहयोगी करारमा नियुक्त गर्ने निर्णय गरियो ।